C-026381
2081/07/13

(सम्पर्क नं.:- 01-4262-385)

अख्तियार दुरुपयोग अनुसन्धान आयोग २०४७

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालय ,टंगाल काठमाडौंमा दायर गरेको उजुरीपत्र

निवेदक/पक्ष

सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं महानगरपालिका वडा ं. ३१ आलोकनगर ,काठमाडौंमा वस्ने निवेदक कुल वहादुर खत्रीको छोरा नेपाली नागरिक युवराज पौडेल सफल (ना.प्र.नं. ४१३४५) ,

सम्पर्क नं. ९८४९७७७०९२.............................. ........ ................................. १

विरुद्ध

(क) मुक्तिराम दाहालका छोरा , भरतपुर महानगरपालिका वडा नं. १४ प्रचण्ड टोल स्थायी ठेगाना भई हाल ललितपुर महानगरपालिका वडा नं. १५ कान्तिनगर ,ललितपुर बस्ने हाल प्रतिनिधि सभा सदस्य ,पुर्व प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष र तत्कालीन जनमुक्ति सेना नेपालका सर्वोच्च कमाण्डर प्रचण्ड भन्ने पुष्प कमल दाहाल ।सम्पर्क नं. ९८०१००८०८०

(ख) रोल्पा नगरपालिका वडा नं. ७ माडीचौर ,रोल्पा स्थायी ठेगाना भई हाल काठमाडौं महानगरपालिका वडा नं. ०६ बालुवाटार बस्ने प्रतिनिधि सभा सदस्य ,नेकपा माओवादी केन्द्रका उप महासचिव र तत्कालीन जनमुक्ति सेनाका डिपुटी कमाण्डर इर्ख राम पुनको छोरा बर्ष ५३ को अनन्त भन्ने बर्षमान पुन । सम्पर्क नं. ९८५११३१०००

(ग)मुसिकोट नगरपालिका वडा नं. ०५ रोरीगाउँ , रुकुम पश्चिम स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला बस्ने प्रतिनिधि सभा सदस्य ,नेकपा माओवादी केन्द्रका उप महासचिव र तत्कालीन जनमुक्ति सेनाका डिपुटी कमाण्डर इस्कन्द शर्माको छोरा बर्ष ६२ को प्रभाकर भन्ने जनार्दन शर्मा । सम्पर्क नं. ९८५११००४४३

CamScanner

(घ) काठमाडौं जिल्ला स्थित कालुपाडें डाँडामा स्थायी रुपमा बसोबास गर्ने रामसुर पुनको छोरा तत्कालीन जनमुक्ति सेनाका डिपुटी कमाण्डर एवम् जनमुक्ति सेना प्रमुख रामसुर पुनको छोरा बर्ष ५९ को पासाङ भन्ने नन्द किशोर पुन ।

(ङ) नेकपा माओवादी केन्द्रका नेता ,पुर्व मन्त्री एवम् तत्कालीन जनमुक्ति सेनाका डिपुटी कमाण्डर भागिरथ खनालका छोरा बर्ष ६२ को चक्रपाणी खनाल ।

(च) तत्कालीन जनमुक्ति सेनाको एक नम्बर डिभिजन प्रमुख परवाना भन्ने सन्तु दराई ।

(छ) तत्कालीन जनमुक्ति सेनाको दुई नम्बर डिभिजन प्रमुख शरद भन्ने सुक वहादुर रोका

(ज) तत्कालीन जनमुक्ति सेना नेपालका तीन नम्बर डिभिजन प्रमुख राजेश भन्ने धन बहादुर मास्के

(झ) तत्कालीन जनमुक्ति सेना चौथौं डिभिजन प्रमुख प्रतिक्षा भन्ने यम वहादुर अधिकारी ।

(ञ)तत्कालीन जनमुक्ति सेना नेपालका पाँचौं डिभिजन कमाण्डर प्रतिक भन्ने तेज बहादुर ओली

(ट)तत्कालीन जनमुक्ति सेना नेपालका छैठौं डिभिजन कमाण्डर रशिम भन्ने गणेशमान पुन ।

(ठ) तत्कालीन जनमुक्ति सेना नेपालका सातौं डिभिजन कमाण्डर विविध भन्ने काली वहादुर खाम

(ड) तत्कालीन जनमुक्ति सेना नेपालका आठौं डिभिजनका कमाण्डर प्रज्जवल भन्ने महेन्द्र वहादुर शाही ।

*विषय :* - माओवादी लडाकु शिविरमा भएको भ्रष्टाचार उपर छानबिन गरी आवश्यक कारबाही गरी पाउँ ।

१. तत्कालीन विद्रोही नेकपा माओवादी एक दशक लामो सशस्त्र संघर्षपछि ५ मंसिर २०६३ मा विस्तृत शान्ति सम्झौतामार्फत शान्ति प्रकृयामा आएको कुरा सत्य हो । सो सम्झौतामा माओवादी सेना र तिनका हतियारलाई निश्चित शिविर बनाई शान्ति प्रकृया पुरा नहुँदासम्म सोही शिविरमा राख्ने सहमति भएको थियो । त्यस्तै मंसिर २२ २०६३ मा हतियार व्यवस्थापन अनुगमन बारेमा अर्को सम्झौता समेत भएको थियो । माओवादी सेनाहरुलाई राख्न ७ मुख्य शिविर र २१ सहायक शिविर स्थापना गरिएका थिए । सो अन्तर्गत इलामको चुलाचुली ,सिन्धुलीको दुधौली ,चितवनको शक्तिखोर ,नवलपरासीको झ्याल्टुङ डाँडा ,रोल्पाको दहवन ,सुर्खेतको दशरथपुर र कैलालीको तालवन्दमा राखिएका थिए । यसै लडाकुको सन्दर्भमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहालले मिति २०६४ पौष ८ गतेका दिन चितवनको शक्तिखोरमा रहेको लडाकु शिविरमा तपाई हामी साँच्चै कति थियौं क्यान्टोनमेण्टमा भन्नुस् त ? हामी ७/८ हजारको बीचमा पुगी सकेका थियौं । त्यति नै राखेको भए भेरिफिकेसनले कति रहन्थ्यौं ? ४ हजार ?हामीले ३५ हजार लगेर राखिदिएको ,२० हजार त आयो कमसेकम । यो होनि साँचो कुरा ,हामीले बाहिर पो यो कुरा भन्न हुन्न । माथि पुष्पकमल दाहालको

भाषणबाट पनि माओवादी सेनामा बास्तविक संख्या ७ देखि ८ हजार मात्र रहेको पुष्टी हुन्छ । तर तत्कालीन पार्टी एवम् सेनाका सर्वोच्च कमाण्डर दाहालले ३५ हजार सेनाको फर्जी विवरण पेश गरी यस प्रकरणमा अर्बौं घोटाला गरेको सहजै भन्न सकिन्छ ।

२. बुँदा नं. १ को प्रसंगबाट के प्रष्ट हुन्छ भने तत्कालीन माओवादी नेतृत्वले गैर सैनिक माओवादी नेता तथा कार्यकर्तालाई समेत सेनाको पोशाक लगाई फोटो खिचाई सो विवरण सम्बन्धित निकायमा पठाई एकमुष्ठ रुपमा रकम निकासा गर्ने गरेको थियो । जस्को प्रमाण म निवेदक आफैँ हुँ । माओवादी सेनाको व्यवस्थान र शिविर संचालन गर्दै गर्दा म नेकपा माओवादी केन्द्र निकट अखिल क्रान्तिकारीको जिल्ला सचिवालयको सदस्य र १५ वटा एरियाको इन्चार्जको जिम्मेवारीमा थिएँ सो क्रममा १५ वटै एरियामा विद्यार्थी संगठनको कामकारवाही गर्ने सिलसिलामा म पुगेको हुन्थे । त्यो वेलामा म प्राय माओवादी शिविरमा समेत जाने गरेको थिएँ । त्यो बेलामा माओवादी सेनामा गए आकर्षक तलव पाइन्छ रे भनी धेरै नागरिकहरु सेनामा सामेल पनि भएका थिए । अत : म र मजस्ता अन्य जनवर्गीय संगठनमा आवद्ध रहेका पार्टीका नेता कार्यकर्ताहरुर समर्थकहरुलाई समेत माओवादी सेनाको पोशाक लगाई हतियार समेत बोक्न लगाई फोटो खिचाई फाराम समेत भर्ने गरिएको थियो । किन भरिएको भन्दा यो सेनाको लागि हो माथि पठाउने भनिन्थ्यो । मेरै घरवाट समेत म सहित ३ जना माओवादी पार्टीमा पुर्णकालीन सदस्य थियौं ,शान्तिकालको सेना व्यवस्थापन र शिविर संचालन गर्दा हज्जारौं गैर सैनिक व्यक्तिहरुलाई समेत सैनिक पोशाक लगाएर सेनाको रुपमा देखाउने ,सोही फारम देखाएर रकम ल्याउने गरिएको थियो । माओवादी जनयुद्धमा सेनाले मात्र लड्ने भन्ने चाँहि नभएतापनि स्पेशल सेना भने एकदमै न्युन हुन्थे । अत माओवादी नेतृत्वले हिजो म र मजस्ता गैर सैनिक नागरिकलाई सैनिक भनी फर्जी सैनिकको रुपमा नाम राखी ती व्यक्तिहरुको नामवाट समेत अर्बौं रुपैयाँ रकम सामुहिक रुपमा घोटाला गरेकोले माओवादी कालमा माओवादी सैन्य विवरण फाराम माओवादीले नेपाल सरकारको सम्वन्धीत निकायमा बुझाएको हुन सक्ने भएकाले सो फाइल अध्ययन गरी सैनिक र गैर सैनिक छुट्टाई यस प्रकरणमा हदैसम्मको अनुसन्धान गरी कारवाही पाउँ ।

३. माओवादी शिविर व्यवस्थापनमा गर्दा कुल ६ बर्षमा ९ अर्ब ७९ करोड ६८ लाख ८० हजार २ सय ९६ रुपैयाँ खर्च भएको अनुमान छ । शिविर व्यवस्थापनमा सवैभन्दा धेरै खर्च मासिक भत्तामा ५ अर्ब ८८ करोड ८६ लाख ७३ हजार ७ सय ४६ रुपैयाँ खर्च भएको मन्त्रालयले जनाएको थियो । माओवादी सेनाको भरण पोषणमा २ अर्व ७६ करोड ५६ लाख १४ हजार ९ सय ६२ रुपैयाँ ,पुर्वाधार निर्माणमा २६ करोड १० लाख ३ हजार १७ रुपैयाँ र अन्य खर्चमा २७ करोड ३७ लाख १० हजार ५ सय ६७ रुपैयाँ भएको देखिन्छ । विस्तृत शान्ति सम्झौतामा हस्ताक्षार भएपछि सुरुमा माओवादी सेनाको शिविरमा ३२ हजार २ सय ५० जना लडाकु उपस्थित थिए । माथि बुँदा नं. २ मा म निवेदकले दावी गरेको संख्या व्यहोरा यही ३२ हजार २ सय ५० जनामा समावेश गरिएको थियो । साथै राष्ट संघीय मिसन अनमिनले प्रमाणिकरणमा कुल ३२ हजार २ सय ५० बाट १९ हजार ५ सय लडाकु मात्र योग्य देखिएका थिए । यहीबाट थाहा हुन्छ पार्टीका नेता ,कार्यकर्ता ,समर्थक आदिलाई अनमिनले आकर्षक डलर दिन्छ भन्ने प्रलोभन देखाएर माओवादी सेनाको बास्तविक सख्याभन्दा झण्डै तेब्बर संख्या देखाउन

उल्लेखित व्यक्तिहरुलाई सेनाको पोशाक लगाई सैन्य फारममा नाम समेत उल्लेख गरी अनियमितता गरिएको थियो । त्यस्तै प्रमाणिकरणको बेलामा १८ बर्षमुनिका करिब ४ हजार लडाकुलाई २०६५ सालमा शिबिरबाट निकालिएको थियो । अनमिनले प्रमाणिकरणको बेलामा माओवादी सेनाको कुल संख्या १९ हजार ६ सय भनिएतापनि समायोजन तथा पुर्नस्थापनाको लागि भएको पुर्नवर्गीकरणका क्रममा १७ हजार ७४ जना लडाकु मात्र सामेल भएका थिए । सो क्रममा करिब ३ हजार लडाकु गायब थिए । २०६३ साल देखि २०६५ भाद्र सम्म प्रतिलडाकु मासिक भत्ता तीन हजार थियो भने २०६५ असोज महिनादेखि बढाएर पाँच हजार रुपैयाँ र २०६८ साउनदेखि साँढे ६ हजार बनाइएको थियो ।अत शान्ति प्रकृया शुरु भएको झण्डै ६ बर्षको अवधिमा माओवादी शिविर तथा लडाकु व्यबस्थापनको नाममा राज्यको २० अर्ब रुपैयाँ भन्दा बढी खर्च भएको र अधिकांश रकम माओवादीका अध्यक्ष एवम् तत्कालीन जनमुक्ति सेनाका सर्वोच्च कमाण्डर प्रचण्ड भन्ने पुष्प कमल दाहालको मुख्य योजना र डिजाइनमा गैर सैनिकको नाममा निकासा गरी सोही पार्टीले अरु नै प्रयोजनमा खर्च गरेको हुनाले यो हदैसम्मको भ्रष्टाचार हो भन्न सकिन्छ ।

४. यस्तै योग्य भनिएका १९ हजार ६ सय लडाकु मध्येपनि करिब ५० प्रतिशत लडाकु कागजीमात्र रहेको र राज्य कोषबाट रकम असुल्ने प्रयोजनबाट ग्रसित भएर मात्र सो लडाकु बनाइएको देखिन्छ । अनमिनको प्रमाणिकरण सकिएपछि शिविर छाडेर गएका त्यस्ता लडाकु वर्गीकरणको बेलामा अवकाशपत्र बुझ्न मात्र शिविर आउनुले पनि सो प्रकरणमा भ्रष्टाचार भएको देखिन्छ । करिब ६ हजार फर्जी लडाकुको नाममा ५ बर्षसम्म राज्यकोषबाट रकम निकासा भई भ्रष्टाचार भएको देखिन्छ । साथै शिविरमा राखेर नेपाली सेनामा समायोजन गर्दाको अवधिसम्म कुल १९ अर्ब ७१ करोड ५२ लाख ६८ हजार ३ सय ८३ रुपैयाँ माओवादी शिविर तथा लडाकु व्यबस्थापनको नाममा खर्च भएको देखिन्छ ।

५. अत माथि उल्लेखित आरोपितहरुले करिब ४ अर्बभन्दा बढी रकम राज्य कोषबाट हिनामिना भ्रष्टाचार गरेको हुँदा निजहरु उपर हदैसम्मको अनुसन्धान गरी निजहरुलाई तत्काल पक्राउ गरी निजहरुलाई आवश्यक कानुनी कारबाही गर्न एवम् निजहरुले संगठित रुपमा भ्रष्टाचार गरेको हुँदा सो रकम निजहरुबाट नै असुल उपर गरी सो रकमबाट उद्योग ,धन्दा ,कल कारखाना एवम् राष्ट्रिय स्वरोजगार केन्द्रको स्थापना गरी आम नागरिकलाई स्वरोजगार बनाउने अनुरोध गर्दछु ।

निवेदक

श्री युवराज पौडेल सफल

नेपाली नागरिकको तर्फबाट

इति सम्वत् २०८१ कार्तिक महिना १३ गते रोज ३ शुभम् ।

CamScanner